आ.व. २०७५/०७६ को बाह्रौं तेह्रौं

आज मिति **२०७५ साल पौष २९ गते आईतवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

२- श्री श्यामलाल पोखरेल [illegible]

३- श्री [illegible] कार्की [illegible]

**प्रस्तावहरु :**

१. डिभिजन वन कार्यालय देउखुरीको एक गाउँ एक पोखरी निर्माणको लागि ४ स्थान छनौट सम्वन्धमा ।

२. डिभिजन वन कार्यालय देउखुरीको शहरी वन प्रवर्द्धन तथा नगर वन उद्यान निर्माणको लागि स्थान छनौट सम्वन्धमा ।

३. सडक बोर्ड नेपालको रु.१० लाखबाट स्थानीय तहले २०% रकम व्यहोर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत सम्वन्धमा ।

४. देउकी सामुदायिक वन उ.स.को नर्सरी क्षेत्र विस्तारको लागि सहयोग सम्वन्धमा ।

५. SWAN को वार्षिक कार्यक्रम स्वीकृत सम्वन्धमा ।

६. अपाङ्ग समाज सुधार केन्द्रको कार्यक्रमका लागि सहयोग सम्वन्धमा ।

७. जग्गाको स्वामित्वका लागि तत्काल प्रक्रिया अगाडी बढाउने सम्वन्धमा ।

८. नदीजन्य पदार्थको बिक्री तथा घाटगद्दी सम्वन्धमा ।

९. समाज सुधार युवा क्लवलाई थारु सांस्कृति नृत्य पदर्शनका लागि काठमाण्डौ आतेजाते गाडीभाडा उपलब्ध गराउने सम्वन्धमा ।

१०. संघीय संसद प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको मिति २०७५/९/९ को निर्देशन अनुसारका कार्यहरुमा सहजिकरण सम्वन्धमा ।

११. DPR गर्ने सम्वन्धमा ।

१२. माघी विशेष कार्यक्रम मनाउने सम्वन्धमा ।

१३. चालु आ.व.मा सरस्वती आ.वि.छोट्की सिसहनियाको अतिरिक्त क्रियाकलापमा स्वीकृत कार्यक्रम परिवर्तन सम्वन्धमा ।

~~१४. जग्गा स्वामित्वमा ल्याउने सम्वन्धमा ।~~

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा डिभिजन वन कार्यालय देउखुरीको च.नं.३७१ मिति २०७५/०९/१७ को पत्रवाट माग भए वमोजिम एक गाउँ एक पोखरी निर्माण लागि यस राप्ती गाउँपालिका वडा नं.-४ को सुन्दरपुरमा वन क्षेत्रमा अधुरो पोखरी निर्माण गर्न सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा डिभिजन वन कार्यालय देउखुरीको च.नं.३७४ मिति २०७५/०९/१७ को पत्रबाट माग भए वमोजि शहरी वन प्रवर्द्धन तथा नगर वन उद्यान निर्माणको लागि यस राप्ती गाउँपालिका वडा नं.-१ भालुवाङ पुल्चोक बजारको उत्तर तर्फ रामजहदी सामुदायिक वन क्षेत्रको स्थान छनौट गरी सम्वन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा सडक बोर्ड नेपालले स्थानीय सडका मर्मत संभार कार्यको लागि यस राप्ती गाउँपालिकाको लागि रु.१० लाख बजेट विनियोजन गरी पठाएको र उक्त बजेटमा २०% गाउँपालिकाले लागत सहभागिता व्यहोर्ने गरी राप्ती चक्रपथको भानपुर देखि पश्चिम केरुनिया लमही नगरपालिकाको सिमानासम्म सडक मर्मत तथा स्तरोन्नती योजनाको लागि सडक बोर्ड नेपाललाई लेखि पठाउने र उक्त योजनामा लाग्ने लागत सहभागिताको रकम आन्तरिक स्रोतबाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा राप्ती गाउँपालिका वडा नं.-५ म रहेको देउकी सामुदायिक वन उपभोक्ता समूहको च.नं.३१ मिति २०७५/०९/२४ को पत्रबाट नर्सरी क्षेत्र विस्तारको लागि गाउँपालिकासँग सहयोग माग गरिएका र चालु आ.व.०७५/०७६ मा नर्सरी व्यवस्थापन तथा विरुवा उत्पादनको लागि रु ३,००,०००।- (तीन लाख रुपैयाँ) रकम विनियोजन भएको हुँदा उक्त बजेट मध्ये देउकी सा.व.उ.स.लाई रु १,५०,०००।- र राप्ती गा.पा -७ र ८ को शबरी सा.व.उ.स.लाई रु १,५०,०००।- नर्सरी क्षेत्र विस्तार तथा विरुवा उत्पादनको लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस स्वान नेपाल (SWAN) ले आ.व. ०७५/०७६ मा राप्ती गाउँपालिकामा सञ्चालन गर्ने कार्यक्रमहरु स्वीकृतीका लागि पेश गरेको पेश गरेको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा अपाङ्ग समाज सुधार केन्द्र तुलसीपुर दाङको आयोजना तथा किर्तिपुर मोडेल अस्पताल काठमाण्डौको सह आयोजनामा यहि मिति २०७५ माघ २० गते विहान ७ बजे देखि वेलुका ५ बजेसम्म ओठ तथा तालु (मुखभित्र जिब्रोभन्दा माथि) चिरिएर खुँडे तथा आगोले पोलेर एक भाग अर्को भागसँग जोडिएर कूँजो भएका मानिसहरुका लागि नि:शुल्क प्लाष्टिक सर्जरी सिविर सञ्चालन गर्न लागेकोले उक्त शिविरमा उपचार गर्न जाने बिरामीलाई प्रोत्साहन स्वरुप प्रति व्यक्ति रु .१,०००।- (एक हजार रुपैयाँ) उपलब्ध गराउने र उक्त रकम मानव संशाधन विकास कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिकाको कार्यालाय रहेको स्थानको जग्गा, भानपुर खेलमैदान निर्माण स्थलको १४ बिगाहा क्षेत्रको जग्गा, तराई मधेश समृद्धि कार्यक्रमबाट मसुरीयामा निर्माण गर्न लागिएको अस्पताल तथा वडा नं.-६ मा स्थापना गर्न लागिएको थारु संग्रहालयको लागि आवश्यक जग्गा, लालमटिया स्वास्थ्य चौकी रहेको स्थानको जग्गा लगायत वडा कार्यालय निर्माण गर्ने स्थलको जग्गा स्वामित्वमा लिनका लागि तत्काल कार्य प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने राप्ती नदीको नदीजन्य पदार्थ बिक्री वितणको लागि ठेकेदारलाई स्थानीय आवश्यकता र स्थानको अवस्था मध्येनजर गरी घाटगद्दी गरेर राखेको नदीजन्य पदार्थलाई नापजाँच गरी बिक्री वितरणको पटके अनुमति प्रदान गर्ने र उक्त घाटगद्दी गरिएको नदीजन्य पदार्थको अनुगमन गर्न राप्ती गाउँपालिकाका अध्यक्ष श्री नुमानन्द सुवेदी ज्यूको संयोजकत्वमा देहायको स्थानीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**स्थानीय अनुगमन समितिमा रहने पदाधिकारीहरुको विवरण :-**

| | |
|---|---|
| अध्यक्ष श्री नुमानन्द सुवेदी | - संयोजक |
| उपाध्यक्ष श्री जगदम्वा कुमारी चौधरी | -सदस्य |
| १ नं.वडा अध्यक्ष श्री तारा बहादुर डि.सी. | -सदस्य |
| २ नं.वडा अध्यक्ष श्री जगत बहादुर थापा | -सदस्य |
| असिष्टेन्ट सव-ईन्जिनियर श्री बिमला भट्टराइ | -सदस्य-सचिव |

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथी छलफल गर्दा मिति २०५७ सालमा स्थापना भई निरन्तर स्थानीय स्तरमा नाचगान गर्दै थारु संस्कृतिलाई जोगाउने प्रयत्नमा लागेको समाज सुधार युवा क्लवले माघीको अवसरमा आफ्ना थारु सांस्कृतिक नृत्य प्रदर्शन गर्न काठमाण्डौ सम्म जाँदा आउँदा लाग्ने भाडाको लागि आर्थिक सहयोग गरिदिनु हुन भनी गाउँपालिकामा अनुरोध गरेको हुँदा राप्ती गाउँपालिकाको स्थानीय थारु संस्कृति संरक्षणमा लागेको उक्त समाज सुधार युवा क्लवलाई काठमाण्डौ आतेजाते खर्च स्वरुप रु.२५,०००।- (पच्चीस हजार रुपैयाँ) सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.७७ मिति २०७५/०९/२४ पत्र तथा सो पत्रसाथ संलग्न राष्ट्रिय महिला आयोगको च.नं.८९८ मिति २०७५/०९/१७ को पत्रानुसार संघीय संसद प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिको मिति २०७५/०९/०९ को निर्देशन अनुसारका कार्यहरुमा निकाय प्रदान गर्नको लागि राप्ती गाउँपालिका सामाजिक विकास समितिलाई उपरोक्त पत्रमा उल्लेखित विषयहरु समावेश गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथी छलफल गर्दा तराई मधेश समृद्धि कार्यक्रमबाट यस राप्ती गाउँपालिका वडा नं.-३ मा निर्माण हुने अस्पताल र प्रदेश सरकारको सर्शत अनुदानबाट राप्ती गाउँपालिका वडा नं.-७ भानपुरमा निर्माण हुने खेल मैदानको DPR तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रमा थारु समुदायको बाहुल्यता रहेको र माघी थारु समुदायको महान चाड भएकाले मिति २०७५ माघ ३ गते राप्ती गाउँपालिका परिसरमा माघी विशेष कार्यक्रम मनाउने र सो कार्यक्रमको लागि रु.७५,०००।- (पचहत्तर हजार रुपैयाँ) पर्व महोत्वसव शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाका वडा नं.-७ मा रहेको सरस्वती आ.वि.छोटी सिसहनियको चालु आ.व.०७५/०७६ का लागि अतिरिक्त क्रियाकलापकमा विनियोजित बजेट परिवर्तन गरी विद्यालय परिसरमा हैण्डपाईप निर्माण गरी फिल्टर सहितको टंकी जडान गर्ने निर्णय गरियो ।